केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/२६/०७१/७२ मितिः २०७२/०२/१३

इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

हालै आएको भूकम्पका कारण आवासीय घर क्षतिग्रस्त भएका भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनर्निमाणका लागि बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह गरिने कर्जामा यस बैंकले उपलब्ध गराउने पुनरकर्जा प्रयोजनका लागि संलग्न बमोजिमको कार्यविधि जारी गरिएको हुँदा सोही बमोजिम गर्नु /गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

भवदीय,

(मनमोहन कुमार श्रेष्ठ)
कार्यकारी निर्देशक

बोधार्थ :

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११) श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौ ।
(१२) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ ।
(१३) श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

**नेपाल राष्ट्र बैंक**
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**
**भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनर्निमाणका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२**

हालै आएको भूकम्पका कारण आवासीय घर क्षतिग्रस्त भएका भूकम्प प्रभावित घरपरिवारलाई घर पुनर्निमाणका लागि  प्रवाह गरिने आवासीय कर्जामा यस बैंकले उपलब्ध गराउने पुनरकर्जा प्रयोजनका लागि यो कार्यविधि बनाई लागू गरिएको छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४९ र ५० मा भएको व्यवस्था अनुसार इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले उपर्युक्त प्रयोजनका लागि देहायका शर्त तथा व्यवस्थाहरुको पालना हुने गरी प्रवाह गरेको कर्जामा यस बैंकबाट पुनरकर्जा सुविधा उपलव्ध गराइने छ :

**<u>शर्त तथा व्यवस्थाहरु :</u>**

(१) पुनरकर्जाको अधिकतम सीमा काठमाण्डौ उपत्यकामा प्रति घरपरिवार रु २५ लाख र उपत्यका बाहेकका प्रभावित जिल्लामा रु १५ लाख सम्मको ऋण सुविधाको आवासीय घर पुनर्निर्माण प्रयोजनका लागि मात्र हुनेछ । उक्त सीमा भन्दा बढी प्रवाह भएको कर्जाको रकममा पुनरकर्जा सुविधा प्रदान गरिने छैन ।

(२) यो सुविधा ऋणी तथा निजको परिवारमा बस्न योग्य आवासीय घर नभएको अवस्थामा मात्र उपलव्ध गराइने छ ।

(३) बैंक तथा वित्तीय संस्थाले आवासीय घर पुनर्निर्माण प्रयोजनको लागि प्रदान गर्ने ऋणमा अधिकतम २ प्रतिशत सम्म मात्र ब्याजदर लिनु पर्नेछ ।  सो प्रयोजनको लागि नेपाल राष्ट्र बैंकले शून्य ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने छ ।

(४) बैंक वा वित्तीय संस्थाले उपर्युक्त बमोजिमको कर्जामा ब्याजदर परिवर्तन गर्न पाउने छैनन् । यस्तो कर्जामा ब्याज तथा तेश्रो पक्षलाई भुक्तानी गर्नु पर्ने (बीमा, धितो मूल्यांकन, कर्जा सूचना, कर्जा सुरक्षण शुल्क) लागत बराबरको शुल्क बाहेक अन्य कुनै पनि प्रकारको शुल्क लिन पाइने छैन ।

(५) शुरुको एक वर्ष ग्रेस अवधि हुने गरी यस्तो कर्जाको न्युनतम अवधि ५ वर्ष र अधिकतम १० बर्षसम्मको हुनेछ । कुनै ऋणीले अग्रीम भुक्तानी गर्न चाहेमा कुनै पनि प्रकारको अग्रीम भुक्तानी शुल्क लाग्ने छैन । यस्तो पुनरकर्जा सुविधा एक पटकको लागि बढीमा १ बर्षको लागि मात्र प्रदान गरिने छ र विद्यमान कानूनी व्यवस्थाको अधिनमा रही निरन्तरता हुने व्यवस्था मिलाइने छ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

तर, बैंक तथा वित्तीय संस्थाबाट घर कर्जा उपभोग गरिरहेका ऋणीहरुको सोही घर क्षतिग्रस्त भई पुनः कर्जा लिनु परेको अवस्थामा कर्जाको अवधि बढीमा पन्ध्र बर्ष सम्म हुनेछ ।

(६) बैंक वा वित्तीय संस्थाले आवासीय घर पूनर्निर्माण कर्जा प्रवाह गर्दा निर्माण प्रगतिका आधारमा कम्तिमा चार चरणमा भुक्तानी हुने गरी प्रवाह गर्नुपर्नेछ । तर, बुँदा नं. १४ बमोजिम प्रवाह गरिएको कर्जाका हकमा भने यो व्यवस्था अनिवार्य हुने छैन ।

(७) आवासीय घर पुनर्निर्माण गर्दा राष्ट्रिय भवन संहिता तथा भूकम्प प्रतिरोधात्मक मापदण्डको पालना गरेको हुनु पर्नेछ ।

(८) बैंक वा वित्तीय संस्थाले नेपाल सरकारको सम्वन्धित निकाय वा स्थानीय निकाय (नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका/वडा कार्यालय/गा.वि.स.) को भूकम्प पीडित भई आवासीय घर क्षतिग्रस्त भएको र ऋणीको परिवारमा अन्य कुनै आवासीय घर नभएको प्रमाण अनिवार्य रुपमा लिनुपर्नेछ ।

(९) भूकम्पपीडितका लागि यस बैंकबाट प्रवाह गरिने कुल पुनरकर्जाको सीमा प्रत्येक बैंक वा वित्तीय संस्थाका लागि सो संस्थाको प्राथमिक पुँजीको ८० प्रतिशत सम्म मात्र हुनेछ ।

(१०) यस्तो कर्जा सामान्यतः वीमा गरेको हुनुपर्नेछ । कर्जाको बीमा गरेको अवस्थामा कर्जा वर्गीकरणका आधारमा हरेक वर्गमा कायम गर्नुपर्ने कर्जा नोक्सानी व्यवस्थाको २५ प्रतिशतका दरले मात्र कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिनेछ ।

(११) यस्तो पुनरकर्जा सुविधा प्राप्त गरिरहेका बैंक तथा वित्तीय संस्थाहरुले पुनरकर्जाको मासिक विवरण (अनुसुची) महिनासमाप्त भएको मितिले १५ दिनभित्र यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ ।

(१२) पूँजीकोष गणना प्रयोजनका लागि यसरी प्रवाह गरिएको कर्जाको जोखिम भार आवासीय घर कर्जा सरह ६० प्रतिशत हुनेछ ।

(१३) यस्तो पुनरकर्जा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जाको धितोमा प्रदान गरिनेछ ।

(१४) "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुको सिफारिशमा त्यस्ता संस्थाका ग्राहकहरुलाई रु. २ लाख सम्म "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गरेको कर्जामा समेत यो पुनरकर्जा प्रदान गरिनेछ । यस्तो कर्जाको हकमा वा "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुको सिफारिश बिना "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले प्रत्यक्ष रुपमा प्रवाह गरेको रु. २ लाख सम्मको कर्जाका हकमा बुँदा नं. ७ को राष्ट्रिय भवन संहिता सम्बन्धी व्यवस्था अनिवार्य हुने छैन । बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको यस्तो कर्जालाई विपन्न वर्ग कर्जामा गणना गरिनेछ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

(१५) यस्तो कर्जा प्रवाह गर्दा बैंक वा वित्तीय संस्थाले सम्बन्धित संस्थाको विद्यमान घरकर्जा सम्बन्धी नीतिगत व्यवस्थाको अधिनमा रही ग्राहकको कर्जा तिर्न सक्ने क्षमता लगायत सुरक्षणका स्पष्ट आधार लिई कर्जा स्वीकृत तथा प्रवाह गर्नुपर्नेछ ।

माथि उल्लिखित शर्त तथा व्यवस्थाका अधिनमा रही प्रवाह भएको कर्जामा नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, केन्द्रीय कार्यालय बालुवाटारमा सम्पर्क गरी बैंक तथा वित्तीय संस्थाहरुले पुनरकर्जा सुविधा लिन सक्नेछन् ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

अनुसूची

मिति : २०७.. /.. /..

श्रीमान् कार्यकारी निर्देशकज्यू,
नेपाल राष्ट्र बैंक,
…………………सुपरिवेक्षण विभाग,
काठमाण्डौं ।

विषयः पुनरकर्जाको मासिक विवरण ।

महोदय,

त्यस विभागको प.सं. …………… ……………… मिति …………… ……………मा जारी भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर कर्जाका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२ अनुसार यस संस्थाले उपभोग गरेको पुनरकर्जा तथा सो पुनरकर्जा सुविधा बमोजिम प्रवाह भएको कर्जाको मासिक विवरण देहाय बमोजिम रहेको छ ।

कर्जाको विवरण (मिति : २०७ /….)

| क्र.सं. | ऋणीको नाम | कर्जा प्रवाह मिति | अन्तिम भुक्तानी मिति | कर्जाको बक्यौता | पुनरकर्जा विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | लिएको मिति | रकम | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

* महिना समाप्त भएको १५ दिनभित्र पेश गर्ने ।

………………… बैंक/वित्तीय संस्थाको तर्फबाट
दस्तखत :
नाम :
पद :
छाप :
विभाग/कार्यालय